## 2020 जनगणनाको मुद्दा र एसियन अमेरिकन समुदायका लागि यसको अर्थ

युएसको सर्वोच्च अदालतले प्रशासनलाई 2020 को जनगणनामा नागरिकताको प्रश्न थप्न रोकेपछि, प्रशासनले 2020 को जनगणनालाई कमजोर बनाउन खोजेको छ र ऐतिहासिक रूपमा न्यून गणना भएका समुदायहरूलाई पूर्ण र सही रूपमा गणना नहुन र हाम्रो राजनैतिक प्रक्रियामा प्रतिनिधित्व हुनबाट रोक्नको लागि अन्य माध्यमको प्रयोग गरेको छ। 2020 को जनगणनाबारे थप जानकारी पाउन र यो हाम्रो समुदायहरूका लागि किन महत्त्वपूर्ण छ भन्ने कुरा थाह पाउनको लागि www.CountUsIn2020.org मा जानुहोस्।

### प्रमुख सन्देशहरू :

1. संविधानअनुसार जनगणना भनेको हरेक व्यक्तिको सङ्ख्या गणनाका लागि हो। हाम्रो समुदायका हरेक व्यक्तिको उनीहरूको आप्रवासी अवस्थालाई नहेरी गणना हुनुपर्छ।
2. जनगणनाले हाम्रो समुदायले प्राप्त गर्ने सङ्घीय आर्थिक सहायता र स्रोतहरूमा असर पार्छ। साथै अर्को दस वर्षको लागि हाम्रो राजनैतिक प्रतिनिधित्व र हाम्रो आवाजमा फरक पार्छ। हाम्रो स्रोतहरूको निष्पक्ष हिस्सा प्राप्त गर्नका लागि पूर्ण र सही गणना हुनु हाम्रो लागि आवश्यक छ।
3. अहिले 2020 को जनगणना पूरा भएको अवस्थामा छौँ। जनगणना ब्युरोसँग यसले सङ्कलन गरेको डाटालाई प्रशोधन गर्न र कुनै त्रुटि भएमा त्यसको पहिचान गर्नका लागि पर्याप्त समय हुनुपर्छ। डिसेम्बर 31 सम्म फाइनल नम्बरको रिपोर्टिङ गर्न डाटा प्रशोधनमा हतार गरियो भने हाम्रो ऐतिहासिक रूपमा न्यून गणना भएका समुदायहरूको गलत गणना हुन सक्ने सम्भावना हुन्छ।

### 2020 जनगणनाको क्रममा चलिरहेको कानुनी अभियोगमा के कुरा खतरामा छ***?***

- पूर्ण र सही जनगणनाको निरन्तर लडाइँमा अदालतमा केही अभियोगहरू दायरा भइरहेका छन्। मुद्दाका प्रमुख तीन अभियोगहरू यसप्रकार छन्: (1) गणना र डाटा प्रशोधनमा काँटछाँट; (2) कागजात नभएका आप्रवासीहरूलाई कंग्रेसको विभाजनबाट बाहिर पार्ने राष्ट्रपतिय स्मरणपत्र; र (3) गैर-अमेरिकी नागरिकहरूलाई राज्यको पुनः विभाजन प्रक्रियामा समावेश नगर्ने गरी एउटा डाटा फाइल (नागरिक मतदान उमेर जनसङ्ख्या वा "CVAP" फाइल भनिने) को सिर्जना। MALDEF (मेक्सिकन अमेरिकन लिगल डिफेन्स एण्ड एजुकेसनल फन्ड) सँगै एसियन अमेरिकन्स एड्भान्सिङ जस्टिस | AAJC (एड्भान्सिङ जस्टिस- AAJC") ) ले अहिले जनगणनालाई कमजोर बनाउने यी प्रयासहरूलाई संघीय अदालतमा चुनौती दिइरहेको छ।
- समयरेखाको काँटछाँट***:*** कोभिड-19 महामारीका कारण जनगणना ब्युरोले आफ्नो कार्य सञ्चालन योजना सार्नुपर्ने बाध्यता थियो। जनगणनाले ब्युरोले पूर्ण र सही गणनालाई सुनिश्चित गर्नका लागि अक्टोबर 31, 2020 सम्म गणना जारी गर्नुपर्ने र अप्रिल 30, 2021 सम्म डाटाको प्रशोधन जारी राख्नुपर्ने कुरा निर्धारण गरेको थियो। तर अगस्तमा जनगणना ब्युरोले एक्कासी जनगणनाका लागि आवश्यक कार्य-समय घटाउने र सेप्टेम्बर 30, 2020 सम्म गणना गरी सिद्ध्याउने र डाटा प्रशोधन गरी अन्तिम गणनाको रिपोर्ट राष्ट्रपतिकहाँ डिसेम्बर 31, 2020 भित्र बुझाउने घोषणा गर्‍यो।
- राष्ट्रपतीय मेमोः दसवर्षमा एकपटक गरिने यस्तो जनगणनामा सबैजनाको गणना गर्नुपर्छ चाहे उनीहरूको आप्रवासन अवस्था जस्तोसुकै होस्। तर जुलाई 21, 2020 मा राष्ट्रपति ट्रम्पले

राज्यहरूको बीचमा कंग्रेसका सिटहरूलाई विभाजन गर्न प्रयोग हुने जनगणनाबाट कागजात नभएका आप्रवासीहरूलाई नसमेट्न एउटा मेमो जारी गर्नुभयो। संविधानले कंग्रेसका सिटहरू "हरेक राज्यमा रहेका व्यक्तिहरूको पूर्ण सङ्ख्या" का आधारमा विभाजन हुनुपर्ने आदेश दिएको छ जसले गर्दा राज्यहरू उनीहरूको जनसङ्ख्याको आधारमा प्रतिनिधित्व हुन्छन्। कागजात नभएका आप्रवासीहरूलाई विभाजनको गणनाबाट हटाउनु विगतमा कहिले नभएको र संविधान विपरीत कुरा हो अनि यसले धेरै सङ्ख्यामा आप्रवासी जनसङ्ख्या भएको स्थानहरूबाट राजनैतिक प्रतिनिधित्वलाई प्रत्यक्ष नराम्रो असर गर्नेछ।

- CVAP फाइल: जुलाई 2019 मा सर्वोच्च अदालतले नागरिकतासम्बन्धी प्रश्न थप्नबाट रोक लगाएको केही दिनमै राष्ट्रपति ट्रम्पले जनगणना ब्युरोलाई संघीय र राज्य एजेन्सीहरूबाट नागरिकताको डाटा सङ्कलन गर्न निर्देशन दिँदै एउटा कार्यकारी आदेश जारी गर्नुभयो। यसले गर्दा राज्यहरूले राज्यको विधायिका जिल्ला खिच्नका लागि प्रयोग गरिने जनसङ्ख्याको गणनाबाट गैर-अमेरिकी नागरिकहरूलाई नसमेट्न सक्छन्। ब्लक तहमा नागरिकता भएकाको मात्र डाटा रहेको CVAP फाइलको प्रयोगले आप्रवासीहरूको समुदायमा बसोबास गरिरहेका हुन सक्ने ल्याटिनो र एसियन अमेरिकनहरूको राजनैतिक शक्ति कमजोर हुनेछ।

## अहिलेको अवस्था के छ?[1]

- 2020 जनगणनाको लागि गणना अक्टोबर 15, 2020 मा समाप्त भयो। तल्लो अदालतले जनगणना ब्यूरोलाई अक्टोबर ३१ सम्म गणना कायम राख्न आदेश जारी गरेको थियो जुन जनगणना ब्यूरोको पनि कोभिड-१९ महामारी भएदेखि बनाएको योजना थियो। तर सर्वोच्च अदालतले उक्त आदेश होल्डमा राख्यो अनि गणना पनि रोकिदियो।
- अहिले गणना समाप्त भएकोले जनगणना ब्युरोले सङ्कलन गरेको डाटालाई प्रशोधन गरी रिपोर्टिङका लागि सङ्ख्याको तयारी गर्नुपर्छ। कुनै त्रुटिहरूको पहिचान गर्न र सही गणनाको सुनिश्चित गर्नका लागि "डाटा सङ्कलनपछिको प्रशोधन" महत्त्वपूर्ण छ।
- जनगणना ब्युरोका लागि 2020 को अन्तिम गणना राष्ट्रपतिकहाँ पेस गर्ने अन्तिम मिति डिसेम्बर 31, 2020 हो। तर जनगणना ब्युरोले विगतमा पटक-पटक यो अन्तिम मितिसम्म काम पूरा गर्नका लागि पर्याप्त समय नभएको र यसले आवश्यक सबै डाटा प्रशोधनका चरणहरू राम्ररी पूरा गरेको सुनिश्चित गर्नका लागि अप्रिल 30, 2021 सम्मको समय चाहिने कुरा उल्लेख गरेको छ।
- डिसेम्बर 31 को अन्तिम मितिलाई पुनरावलोकन गर्नका लागि केयौँ अभियोगहरूले माग गरेका छन्। क्यालिफोर्नियाको एकजना संघीय न्यायाधीशले यो कुरामा सहमत भई रिपोर्टिङका लागि अप्रिल 30, 2021 को अन्तिम मितिलाई पुनर्स्थापना गर्नुभएको छ। सरकारले त्यो निर्णयमा पुनरावलोकनको माग गरेको छ र निर्णयको पुनरावलोकन भइरहेको बेलामा आदेश रोकिएको छ। यसको अर्थ, अहिलेसम्म जनगणना ब्युरोले विभाजन गणनाको रिपोर्टिङ डिसेम्बर 31, 2020 भित्र गर्नुपर्नेछ र गणनापछिको प्रशोधन पहिलो योजना गरिएको समयको आधाभन्दा कम समयमा गर्नुपर्नेछ।

[1] अक्टोबर 26, 2020 मा पछिल्लो पटक अद्यावधिक गरिएको। मुद्दा अगाडि बढ्दै जाँदा धरातलको परिस्थितिहरूमा परिवर्तन हुनेछ।

- राष्ट्रपतिय मेमोको विषयमा, सेप्टेम्बर 10, 2020 मा, न्यूयोर्कका तीनजना संघीय न्यायाधीशहरूको प्यानलले कंग्रेसमा विभाजन गणनाबाट कागजात नभएका आप्रवासीहरूलाई बञ्चित गर्नु गैर-कानुनी भएको आदेश दिएको थियो। ट्रम्प प्रशासनले यो आदेशमा पुनरावेदन गरेको छ र सर्वोच्च अदालतले यो केस नोभेम्बर 30 मा सुनुवाइ गर्ने समयतालिका राखेको छ।

## एसियन अमेरिकन, हवाइयन मूल र प्रशान्त टापुबासी समुदायहरूका लागि यसले कस्तो अर्थ राख्छ?

- आज त्यस्तै पाँचमध्ये एक एसियन अमेरिकनहरू र तीनमध्ये एक हवाइयन मूल र प्रशान्त टापुबासीहरू गणना हुन कठिन हुने बस्तीहरूमा बस्छन् र पहिले देखि नै जनगणनामा कम गणना हुने गरेका छन्। अर्को दस वर्षका लागि स्वास्थ्य सुविधा र शिक्षादेखि आवास अनि यातायातसम्म सबै कुराको उचित प्रावधानको लागि पूर्ण र सही गणना जरूरी छ।
- जनगणना बन्द भएपनि हाम्रा समुदायहरू जनगणनामा पूर्ण रूपमा प्रतिनिधित्व भएको सुनिश्चित गर्ने र यहाँबाट बहने आर्थिक सहायता र राजनैतिक शक्ति सुरक्षित गर्ने हाम्रो प्रयास पूरा भएको छैन। डिसेम्बर 31 सम्म फाइनल सङ्ख्याको रिपोर्टिङ गर्नका लागि डाटा प्रशोधनमा हतार हुने भएकोले हाम्रो ऐतिहासिक रूपमा न्यून गणना भएका समुदायहरूको गलत गणना हुन सक्ने सम्भावना हुन्छ।
- जनगणनाले "हरेक राज्यमा बस्ने व्यक्तिहरूको पूर्ण सङ्ख्या" गणना गर्नुपर्छ भनेर संविधान निकै स्पष्ट छ। कंग्रेसमा सीटहरू विनियोजन गर्नको लागि हाम्रो समुदायको कागजात नभएका सदस्यहरूलाई समावेश नगर्दा आप्रवासी समुदाय र फरक-फरक रङ्गका धेरै समुदायहरूको राजनैतिक प्रतिनिधित्वलाई कमजोर पार्नेछ र असमान प्रभाव पर्नेछ।
- MALDEF सँगको साझेदारीमा एड्भान्सिङ जस्टिस-AAJC ले हाम्रो समुदायहरूको प्रतिनिधित्व भएको कुरा सुनिश्चित गर्नका लागि यस्ता सवालहरूमा निरन्तर लड्नेछ।